# काठेखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बिहुँकोट, बागलुङ

प.सं: ०८२/८३

च.नं:

सूचना नं -२१

गण्डकी प्रदेश, नेपाल

## ॥ तथ्याङ्क संकलनको लागि गणकको आवश्यकता सम्बन्धि सूचना ॥

प्रथम पटक प्रकाशन मिति : २०८२/१२/१० गते

प्रस्तुत् विषयमा नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गरिब पहिचान तथा मापदण्ड शाखाको पत्र बमोजिम यस गाउँपालिकाको क्षेत्रभित्रका गरिब परिवारको पहिचान गर्नको लागि तथ्याङ्क संकलन गर्नु पर्ने भएको र सो कार्यको लागि गणकको आवश्यकता परेको हुँदा तपशिल बमोजिमका योग्यता पुगेका र यस गाउँपालिका क्षेत्र भित्र स्थायी बसोबास भएका ईच्छुक उम्मेदवारहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र दरखास्त पेश गर्नु हुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| बिज्ञापन नं | पद | आवस्यक संख्या | मुख्य जिम्मेवारी |
|---|---|---|---|
| ०८/२०८२-८३ | गणक | ८ (आठ) जना | गरिब परिवार पहिचानका लागि तथ्यांक संकलन गर्ने |

**गणक पदको लागि आवस्यक न्यूनतम योग्यता :-**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १० जोड २ वा प्रमाण पत्र तह उर्तीर्ण गरेको हुनु पर्ने ।

(ख) कम्प्युटर सफ्टवेयर चलाउन जानेको हुनु पर्ने ।

(ग) मोवाईलमा नेपाली युनिकोडमा टाईप गर्न सक्ने हुनु पर्ने ।

(घ) कुसल संचार सीप भएको हुनु पर्ने ।

(ङ) यस पूर्व तथ्याङ्क संकलन कार्यमा संलग्न भएका अनुभवीलाई प्राथमिकता दिईनेछ ।

**दरखास्त फाराम साथ पेश गर्न पर्ने कागजातहरु:-**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी ।

(ग) कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपी ।

(घ) तालिम लिएको भए सो को प्रमाणभपत्रको प्रतिलिपी ।

(ङ) स्थायी वसोवास नखुलेको हकमा सम्बन्धित वडाबाट स्थायी वसोवास प्रमाणित पत्र ।

**दरखास्त दस्तुर:- रू.५००।– (पाँच सय)** **परिक्षाको किसिम : अन्तरवार्ता** **परिक्षा मिति : पछि प्रकाशन गरिनेछ**

**सेवा सुविधा :-** तथ्याङ्क संकलन गरेको आधारमा (प्रति परिवार रु ७५), यातायात तथा खाजा खर्च वापत प्रति दिन २००।- र संचार खर्च एकमुष्ट ७००।- मात्र

**सम्पर्क मिति :-** दरखास्त पेश गर्ने अन्तिम दिनको भोलि पल्ट ।

**नोट :-** दरखास्त बुझाउने अन्तिम दिनमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनकोकार्यालय समय भित्र फाराम बुझाउन सकिनेछ । रित नपुगी आएका दरखास्त उपर कुनै कारवाही हुने छैन।कारणवस विज्ञापनको सूचना रद्ध गर्नु पर्ने अवस्था सृजना भएमा सो को अधिकार कार्यालयमा निहित हुनेछ ।

**थप जानकारीका लागि:** काठेखोला गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

मुक्ति पौडेल
प्रमुख प्रशासकीय अधिकृत

kathekholagahunpalika123@gmail.com